# नेपाल बीमा प्राधिकरण कोशी प्रदेश कार्यालय, विराटनगर

## प्रदेशस्तरिय निबन्ध प्रतियोगिता

**सूचना प्रकाशन मितिः २०८२/११/१५**

नेपाल बीमा प्राधिकरण कोशी प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि कोशी प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको व्यहोरा जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन स्नातक तह अध्यनरत इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण कोशी प्रदेश कार्यालयमा पेश गर्न हुन जानकारी गराउदछौ ।

### निबन्धको शिर्षक

## "युवा र बीमा साक्षरताःआर्थिक सुरक्षाको आधार"

## (Youth and Insurance Literacy : The Foundation of Financial Security)

### नियमहरू

१. प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धी विश्वविद्यालय वा कलेजमा **स्नातक तह** अध्यनरत हुनु पर्ने छ ।

२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनु पर्नेछ ।

३. निबन्ध बढीमा १५०० शब्दको हुनु पर्नेछ ।

४. प्रतियोगीताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र निबन्ध उपलब्ध गराउनु पर्नेछ ।

५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको कोशी प्रदेश कार्यालयको ठेगानाः infokoshi@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हासलसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफारिस पत्र संग्लन गरी पठाउनु पर्नेछ ।

६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मूल्याङ्कन गराइने छ । निबन्धको मुल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं | मापदण्ड | गुणांक १५० | विवरण |
|---|---|---|---|
| १ | विषयसंग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५०००, द्वितीय रु. १०००० र तृतीय रु. ५००० का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

८. पुरस्कार रकम नियम अनुसारको कर कट्टा गरी प्रदान गरिनेछ ।

९. माथि उल्लेखित शर्तहरुमा पुरा नभएका निबन्ध प्रतियोगितामा समावेश गरिने छैन ।

१०. प्राप्त निबन्धहरूको सर्वाधिकार (Copyright) प्राधिकारणमा निहित हुनेछ र ती निबन्धहरूलाई व्यावसायिक प्रयोजन बाहेकका अफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।

११. प्राधिकरणबाट सञ्चालित यस अधिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागी हुन पाउने छैन ।

१२. प्रतियोगितामा सहभागीहरुले मिति २०८२ साल चैत्र २९ गते साँझ ५:०० बजे भित्र निवेदन दिन सकिनेछ ।

१३. निबन्ध प्रतियोगीता सञ्चालन तथा व्यवस्थापन उप समितिको निर्णय नै निबन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

**नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालय**
त्रिवेणी मार्ग, विराटनगर महानगरपालिका-०१, मोरङ
021-590404 | Email: infokoshi@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube : Nepal Insurance Authority, Koshi Province

Scan

# नेपाल बीमा प्राधिकरण कोशी प्रदेश कार्यालय, विराटनगर
## बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति: २०८२/११/१५**

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले "**प्रदेश स्तरीय बीमा सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता-२०८२**" आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **४५ दिन** भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका तीन (३) जना विद्यार्थीहरुको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरण काशी प्रदेशको इमेलमा पठाई दिनु हुन अनुरोध गर्दछौं । (दर्ता नि: शुल्क हुनेछ)

**कार्यक्रमको नाम: प्रदेश स्तरीय बीमा सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता-२०८२**

**सहभागी हुन पाउने** : कोशी प्रदेश भित्रका १०+२ मा अध्ययनरत विद्यार्थी र एण्टा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने ।
**प्रतियोगिताको नियम** : आयोजकको नियम बमोजिम हुनेछ ।

### प्रतियोगिताको विषयवस्तुहरु:

| विषयहरू | अङ्कभार |
|---|---|
| नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी | १० प्रतिशत |
| बीमा व्यवसाय सम्बन्धी जानकारी(जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लधुबीमा) | ५० प्रतिशत |
| बीमा सम्बन्धी कानूनी व्यवस्थाको सामान्य जानकारी | १० प्रतिशत |
| बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

इमेल ठेगाना: infokoshi@nia.gov.np
सहभागीताको लागि आवेदन दिने अन्तिम मिति: २०८२/१२/२९ गते साँझ ५:00 बजे सम्म ।

### पुरस्कारको व्यवस्था:

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. २०,000/-
द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १५,000/-
तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १0,000/-

**थप जानकारीका लागि:**

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालय, विराटनगर-१, त्रिवेणी मार्ग
सम्पर्क नं. ०२१-५९०४०४, www.nia.gov.np

पुनश्चः उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश हाजिरी जवाफ संचालन तथा व्यवस्थापन उपसमितिलाई हुने छ ।

**नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालय**
त्रिवेणी मार्ग, विराटनगर महानगरपालिका-०१, मोरङ
021-590404 | Email: infokoshi@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube : Nepal Insurance Authority, Koshi Province

Scan